नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर
(.......मान्यता समकक्षता तथा मूल्याङ्कन....... शाखा)

फोन नं. ६६३०५८८
६६३४११९
६६३००८८
फ्याक्स : ६६३०७९७
नोटिस बोर्ड: १६१८०१६६३०७९७
सानोठिमी, भक्तपुर
www.moecdc.gov.np

पत्र संख्याः- ०७९/८०

चलानी नं.:- ६६१

मितिः .....२०८०।०३।२६.....

विषय : पूर्वप्राथमिक तहको सिकाइसामग्री मूल्याङ्कनको लागि पेश गर्ने सम्बन्धी सूचना।

राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को मिति २०८०।०१।२० को निर्णयानुसार पूर्वप्राथमिक तहमा प्रयोग हुने पाठ्यसामग्री पनि स्वीकृति लिनुपर्ने भन्ने निर्णय भएकाले पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा वितरण निर्देशिका २०७९ को दफा २५ अनुसार शैक्षिक सत्र २०८१ देखि लागू हुने पूर्वप्राथमिक तहको सिकाइसामग्री (पाठ्यसामग्री) स्वीकृत गर्न चाहने प्रकाशक तथा लेखकहरूले २०८० असोज मसान्तभित्र स्वीकृतिका लागि तपसिल बमोजिमका सर्त सहित कागजातहरू यस केन्द्रमा पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

<u>तपसिल</u>

क. पेश गर्नुपर्ने कागजात

१. राष्ट्रिय बाणिज्य बैंकमा रहेको राजस्व खाता नम्बर क १०००१००२०००१००००, राजस्व शीर्षक नम्बर १४२२३ र पाठ्यक्रम विकास केन्द्रको कार्यालय कोड नं. ३५००२३३०१ मा प्रति सिकाइसामग्री रु. ५,०००।— (पाँच हजार) रकम दाखिल गरेको सक्कल बैंक भौचर;
२. व्यक्ति स्वयंले प्रमाणित गरेको लेखकको शैक्षिक योग्यताको लब्धाङ्क पत्र/ट्रान्सक्रिप्ट, नागरिकताको प्रतिलिपि, नेपाल बाहिरको बोर्डको हकमा समकक्षता पत्रको प्रतिलिपि र बायोडाटा
३. लेखक/सामग्री निर्माताले एउटा प्रकाशन गृहबाट मात्र सामग्री लेखन कार्य गरेको स्वघोषणा पत्र,
४. लेखक तथा प्रकाशक भएको हकमा PAN मा दर्ता भएको, निजी प्रकाशन गृहको हकमा नियमानुसार दर्ता गरेको, नवीकरण गरेको, कर तिरेको कागजात,
५. लेखक तथा प्रकाशक बीचको सम्झौता
६. विषयगत सिप सिकाइ क्षेत्रका लागि बढीमा ४० पेजसम्म र सबै विषयगत सिप सिकाइ क्षेत्र समेटिएका एकिकृत रुपमा वढीमा १५० पेज सम्मका क्रियाकलाप, अभ्यास, चित्र, लेआउट, डिजाइन सहितको पूर्ण स्वरूपका सिकाइसामग्री ३/३ प्रति

ख. मूल्याङ्कनको लागि सामग्री पेश गर्दा अपनाउनु पर्ने विधि र सर्त

१. लेखकको न्युनतम शैक्षिक योग्यता कक्षा १२ वा सो सरह उर्तीण गरेको र पूर्वप्राथमिक/प्रारम्भिक वालविकास क्षेत्रमा वा शिक्षा तथा शिक्षण क्षेत्रमा कम्तीमा ५ वर्ष कार्य अनुभव भएको हुनुपर्ने
२. सिकाइसामग्री विकास गर्दा पूर्वप्राथमिक/प्रारम्भिक बालविकास र शिक्षाका सिकाइसामग्रीका लागि तयार गरिएका आधारमा आधारित रहि सिकाइसामग्री तयार गर्ने

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर
(मान्यता समकक्षता तथा मूल्याङ्कन शाखा)

फोन नं. ६६३०५८८
६६३४११९
६६३००८८
फ्याक्स : ६६३०७९७
नोटिस बोर्ड: १६१८०१६६३०७९७
सानोठिमी, भक्तपुर
www.moecdc.gov.np

पत्र संख्याः-०७९/८०
चलानी नं.:- ६६१

मितिः २०८०।०३।२७

३. सामग्रीको नाम, लेखकको नाम, शैक्षिक योग्यता बाहेक लेखकको तस्विर वा अन्य विवरण सामग्रीमा राख्न पाइने छैन

४. तीन जना भन्दा बढी लेखक तथा सम्पादकबाट तयार भएका सामग्री मूल्याङ्कन गरिने छैन

५. तोकिएको समयमा पेश हुन नआएको सिकाइसामग्री मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन र स्वीकृत नलिई सिकाइसामग्री विक्रिवितरण गरेको पाइएमा नियमानुसार कारवाही हुने छ,

६.थप जानकारीको लागि फोन नं. ०१-६६३०७९७ मा सम्पर्क गर्नु होला। पूर्वप्राथमिक/प्रारम्भिक बालविकास र शिक्षाका सिकाइसामग्री (पाठ्यसामग्री) विकासका आधारहरु यस केन्द्रको वेवसाइट www.moecdc.gov.np मा पाइन्छ।